**बाढीपहिरोबाट जोगिऔं**
- जथाभावी सडक निर्माण र वनविनाशले बाढीपहिरो निम्त्याउने हुँदाः
- वृक्षारोपण गरौं, वनजङ्गल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भूक्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं।

बाढीपहिरोबाट आफू पनि बचौं अरूलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० असार ०३ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 June 18 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २८८

## वीरगंजमा पहिलोपटक रथयात्रा हुने

प्रस, वीरगंज, २ असार/



वीरगंजको धार्मिक, ऐतिहासिक गहवामाईको नयाँ संरचना निर्माण भएको ११ वर्षको अवसर पारेर वीरगंजमा पहिलोपटक रथयात्रा निकालिने भएको छ। असार ५ गते बिहान ६ देखि ९ बजेसम्म वीरगंज नगरभित्र रथयात्रा निकाल्ने तयारी भएको आयोजक श्री गहवामाई रथयात्रा समितिका महासचिव लक्ष्मीनारायण गुप्ताले जानकारी गराए।

रथयात्राको तयारी एक महीना पहिलेदेखि भइरहेको छ। भारत एवं नेपालका १० जना कामदार बिहान ५ देखि राति ११ बजेसम्म रथ बनाउने काममा जुटेका छन्। रथ निर्माणमा ३६० वटा घण्टी, काठ, ज्याला–मजदूरी, रङरोगनलगायत अन्य सामग्री गरी कुल २० लाख रुपैयाँ खर्च पर्ने उनले बताए।

त्यसैगरी, रथयात्राको भोलिपल्ट असार ६ गते बिहान ५६ भोगको प्रसाद वितरण एवं साँझ ५ बजे गहवामाई मन्दिर परिसरमा आउने हजारौं श्रद्धालु भक्तजनलाई प्रसाद वितरण गर्ने (भण्डारा) आयोजक समितिको तयारी छ।

कुल खर्च करीब ३५ लाख लाग्ने बताइएको छ। वीरगंजलाई धार्मिक पर्यटकीय स्थल बनाउनको लागि दक्षिण भारतको उडिसामा रहेको जगरनाथपुरीको रथयात्रा परम्परालाई वीरगंज महानगरमा पहिलोपटक अवलम्बन गर्न लागिएको हो।

रथयात्राको रूटबारे अन्तिम निर्णय हुन बाँकी रहे तापनि प्रारम्भिक चरणमा रथको उचाइ १५ फिट भएकोले गहवामाई मन्दिरबाट घण्टाघर, रेलवे रोड हुँदै छपकैया श्रीराम हल, बिर्ता मन्दिर हुँदै पुनः गहवामाई मन्दिर परिसरमा पुगेर टुङ्गिने बताइएको छ।

रथयात्रामा २५ हजार श्रद्धालु भक्तजनको सहभागिता हुने अनुमान गरिएको छ। रथयात्रा सम्पन्न गर्नका लागि अध्यक्ष श्याम पोखरेल, उपाध्यक्ष देवनाथ कलवार, महासचिव लक्ष्मीनारायण गुप्ता, कोषाध्यक्ष रवि अग्रवाललगायत ३१ सदस्यीय समिति बनेको छ।

रथयात्राका लागि हुने खर्चको जोहो गहवामाई मन्दिर, वडा नं ६ लगायत अन्य सङ्घसंस्थाबाट गरिएको छ।

## सामुदायिक विद्यालयको बिदा लम्बियो
## संस्थागत विद्यालय खुल्ने

प्रस, वीरगंज, २ असार/

बढ्दै गइरहेको गर्मी कम नभएपछि वीरगंज महानगरपालिकाले सामुदायिक



विद्यालयलाई थप तीन दिनका लागि बिदा दिएको छ।

यसअघि बढ्दो गर्मीका कारण बालबालिकाहरूको स्वास्थ्यमा प्रतिकूल प्रभाव परेको भन्दै जेठ १९ देखि २६ गतेसम्म र त्यसपछि जेठ २८ देखि असार १ गतेसम्मका लागि बालविकासदेखि कक्षा १२ सम्मको पठनपाठन हुने सबै सामुदायिक र संस्थागत विद्यालय बन्द गरेको थियो।

तर यसबीच पनि गर्मी कम नभएपछि शुक्रवार सूचना जारी गरेर वीरगंज महानगरपालिकाले महानगरका सबै सामुदायिक विद्यालय थप तीन दिन अर्थात् ५ गतेसम्मका लागि बन्द गर्ने निर्णय गरिएको जनाएको छ।

तापक्रम घट्नुको सट्टा झन् बढ्दो अवस्थामा रहेकाले वर्षे बिदामा कट्टा हुनेगरी थप तीन दिनसम्मका लागि विद्यालय बन्द गर्ने निर्णय गरिएको महानगरपालिकाका शैक्षिक प्रशासन महाशाखाका अधिकृत हरि राउतले जारी गरेको सूचनामा उल्लेख छ।

संस्थागत विद्यालय भने आइतवारदेखि खुल्नेछन्। ५ गते मङ्गलवार गहवामाई (माईस्थान मन्दिर) रथयात्रा रहेकोले एक दिनका लागि संस्थागत विद्यालय पनि बन्द रहनेछन्। पर्सा, बारालगायत मध्यतराईका जिल्लाहरूमा पछिल्लो तीन सातायता गर्मी अत्यधिक बढिरहेको छ।

**बलिराम शुक्ल, बिरुवागुठी/**

अत्यधिक गर्मी बढेसँगै पर्सागढी नगरपालिका अन्तर्गतका विद्यालयहरूको बिदा थप गरिएको छ।

नगरपालिका कार्यालयले सूचना निकाली अत्यधिक गर्मी बढेको हुनाले आइतवारदेखि मङ्गलवारसम्मको लागि थप तीन दिन सामुदायिक तथा संस्थागत विद्यालयहरू बन्द गर्न भनेको छ।

अत्यधिक गर्मी बढेसँगै पालिकाले जेठ २१ देखि ३० गतेसम्म विद्यालयहरूान गर्मी बिदा दिएको थियो। जेठ ३१ गतेदेखि पठनपाठन शुरू भएको सामुदायिक तथा संस्थागत विद्यालयहरू भोलिदेखि पुनः तीन दिनका लागि बन्द गरिएका छन्।

## १८६ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २ असार/

वीरगंजमा शनिवार दुईवटा



संस्थाले गरेको रक्तदान कार्यक्रममा १८६ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए।

साहिब दरबार वीरगंजले जै न धर्मशालामा गरेको रक्तदान कार्यक्रममा आठजना महिलासहित १५५ जनाले रक्तदान गरेका थिए।

कार्यक्रमका प्रमुख अतिथि वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले शरीरको रगत तीन/तीन महीनामा त्यत्तिकै खेर जाने भएकोले रक्तदान गरी पुण्य कमाउन आग्रह गरे। रक्तदान गर्ने रक्तदाताहरूलाई महानगरप्रमुख सिंहले प्रमाणपत्र वितरण गरेका थिए।

अत्यधिक गर्मीका कारण रक्तदान कार्यक्रममा कमी आउँदा केही समययता वीरगंजमा रगतको अभाव सिर्जना भएको रक्तसञ्चार केन्द्र, वीरगंजले जनाएको छ। रगत अभावमा बिरामीहरूको उपचारमा समस्या आउन थालेपछि साहिब दरबारले रगतको अभाव हुन नदिनका लागि आज रक्तदान कार्यक्रम आयोजना गरेको संस्थाका अध्यक्ष उमेशलाल सहनीले बताए।

रक्तदान कार्यक्रममा साहिब दरबारका संस्थापक सदस्य अन्नपूर्ण मानन्धर, वडाध्यक्ष बैजुलाल स्वर्णकार, संस्थाकी कोषाध्यक्ष प्रेरणा श्रेष्ठ, प्रतिमा सिंहलगायतको सहभागिता थियो।

यसैगरी, सान्वी फाउन्डेशन अफ नेपालले आयोजना गरेको रक्तदान कार्यक्रममा ३१ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्रका राजन श्रीवास्तवले बताए।

फाउन्डेसनका अध्यक्ष सानु गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा विवेककुमार झा, विवेक साह, सशाङ्क सिंह, युवराज गुप्ता, मल्विन्दर कौर, ओमप्रकाश गुप्ता, अमरदीप साह, गोविन्द रौनियारलगायतले रक्तदान गरेका थिए।

## गण्डक नहरको डिलमा अतिक्रमण गर्नेहरूको सङ्ख्या बढ्दो

प्रस, वीरगंज, २ असार/

गण्डक नहरको सरकारी जग्गा अतिक्रमण गरी पसल, घरटहरा बनाउने क्रम बढ्दैछ। पर्साको जानकीटोला, प्रसौनीचोक, महुवन, डोकैला बहुअरी,



जगरनाथपुर, वीरगंजको गण्डक, परसौनीको गण्डक, फेटा, महागढीमाई, पचरौता, सुवर्ण, सिम्रौनगढलगायत पालिकामा पर्सादेखि रौतहटसम्म गण्डक नहरको डिलमा जग्गा अतिक्रमण गरी पसल, घरटहरा बनाउने क्रम बढ्दै गएको गण्डक नहर व्यवस्थापन गर्ने निकाय नारायणी सिंचाइ व्यवस्थापन कार्यालय, वीरगंजले जनाएको छ।

सूचना अधिकारी सुरेश साहले सिम्रौनगढ नपा–९ कचोर्वाको बसवरियामा छवटा घर नहरको पिलर ढालेर निर्माण गरिएको र सो अतिक्रमण मुक्त गराउन खोज्दा निर्वाचित जनप्रतिनिधि, वडाध्यक्षले नै जग्गा खाली गर्न सहयोग नगरेको कार्यालयले आरोप लगाएको छ।

आउँदो साउनदेखि पर्सा, बारा, रौतहटको क्षेत्रमा पर्ने यी पालिकाका जनप्रतिनिधिहरूको भेला राखेर नहरको डिल खाली गराउने कार्यमा स्थानीय जनप्रतिनिधिको सहयोग गर्न–गराउन निर्णय गर्नेबारे छलफल कार्यक्रम राख्ने र छलफलमा भएको निर्णय अनुसार खाली गराउने अभियान अगाडि बढाउने कार्यालयको तयारी रहेको बताए।

पर्सादेखि रौतहटसम्म नहरको जग्गामा मात्रै एक हजारभन्दा बढी पसल, घरटहरालगायत निर्माण भएका छन्।

**विचारसार र सूक्तिहरू**

**मूल्य पानीको होइन तिर्खाको हुन्छ, कदर मृत्युको होइन सासको हुन्छ, मूल्य मायाको होइन विश्वासको हुन्छ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# संसारमा सर्वोपरि छ स्थिर मन

हामी असुरक्षित किन छौं ? अनिश्चित किन छौं ? किनभने हामीले मानेका छौं कि हामीसँग सबैथोक नराम्रो हुन्छ, मान्छे आफ्नो सुरक्षित भविष्यको लागि पैसा जोड्छ, त्यसलाई सङ्ग्रह गर्छ। यो असुरक्षा, यो अनिश्चितताले मनलाई चञ्चल बनाउँछ। हामी सञ्चय त गर्छौं– समृद्धिको, साधन–सम्पदाको तर शुभ कर्म, शुभ भावना, सकारात्मकता, सद्गुण सञ्चय गर्दैनौं । परिणाम यो हुन्छ कि जति सञ्चय बढ्छ, त्यत्तिकै परिग्रह बढ्छ, त्यत्तिकै मनको चिन्ता बढ्छ।

**जहाँबाट तिमी अस्थिर भइरहेका छौ, दुःख पाइरहेका छौ, त्यहाँबाट कुनै निषेधात्मकता, नकारात्मकता तिमीभित्र प्रवेश गरिरहेको छ, त्यहाँ नकारात्मकता अवश्य छ। त्यहाँ अँध्यारो अवश्य छ। जुन कुनामा अँध्यारो छ, त्यहाँ उज्यालो पुऱ्याउने उपाय खोज।**

जसको घरमा धेरै सामान छ, उसले घरको सफाइ गर्दैन। सफाइ गर्नको लागि उसले एक साता पहिले योजना बनाउनुपर्छ किनभने घरभरि सामान कोचिएको छ, यता फोहर, उता फोहर । कैयौंपटक मान्छेले यताको फोहर उता कुनामा राख्छ। सद्गुणको अभावमा मानव मनमा सङ्ग्रह भएको फोहरले मनलाई अस्थिर बनाइरहन्छ । हामीले आफ्नो मनलाई स्थिर राख्नुपर्छ । यसैले पहिले हामी पहिचान गरौं कि हाम्रो मन कहाँ र कता पुग्छ ? हाम्रो मनलाई कसले अस्थिर पारिरहेको छ ?

व्यक्तिको चिन्ता, शङ्काले उसलाई सबैभन्दा बढी अस्थिर पार्छ। निषेधात्मक वस्तुले मनलाई बहकाइरहन्छ, यसैले सबैभन्दा पहिले त्यसलाई चिन्नुपर्छ, बुझ्नु जरुरी छ। जहाँ नकारात्मकता छ, जुन वस्तुले तपाईलाई घोच्छ, त्यस शूललाई निकाल्नुपर्छ, त्यसको गाँठो खोल्नुपर्छ र यसको लागि शुभ विचार आत्मसात् गर्न जरुरी छ। एउटा शुभ विचार नै हाम्रो मन बदल्न पर्याप्त हुन्छ, तर त्यस विचारमा ऊर्जा हुनुपर्छ।

उपनिषद्मा चार महावाक्य भनिएका छन्–यी चार ब्रह्मसूत्र हुन् । यसबारे ज्ञानीजन भन्छन् कि यदि यी चार सूत्र समझमा आयो भने सम्झ सारा ब्रह्मसूत्र समझमा आयो । भगवद्‌गीता छ भने सप्तश्लोकी भगवद्‌गीता पनि छ, अर्थात् भगवद्‌गीताका यी सात श्लोक बुझ्यौं भने सात सय श्लोक बुझ्न सक्छौं । दुर्गासप्तशती छ भने सप्तश्लोकी दुर्गा पनि छ, यसका सात श्लोक बुझ्यौं भने सम्झ पूरै दुर्गासप्तशती समझमा आयो। कुरा छोटो छ तर त्यति मात्र पनि समझमा आउँछ भने जीवन बदलिन पर्याप्त छ, मनलाई टिकाउनको लागि एउटा कुरा पर्याप्त छ। जसलाई जीवनमा बोध भएको छ, जसलाई जागरण भयो, उसको जीवनमा कुनै एउटा घटना नै यस्तो घट्यो, जसले उसलाई होशमा ल्याएको छ, उसलाई चेताएको छ ।

हाम्रो जीवनमा धेरै काम यस्ता हुन्छन्, जुन हामी गर्न सक्दैनौं तर भगवत्कृपाबाट सबै कार्य सम्भव छ। यो विश्वास, यो श्रद्धा, यो आस्थाले हाम्रो मनलाई निकै सम्बल दिन्छ, मनलाई अस्थिर हुनबाट बचाउँछ, त्यसलाई एक ठाउँमा टिकाउँछ।

जीवनमा कैयौंपटक ठूला दुर्घटना हुन्छन्, जस्तै स्वतन्त्रतापूर्व भारतको पूर्वाञ्चल क्षेत्र–गोरखपुर, बलिया, बिहारका केही क्षेत्र आदिमा एउटा दुर्घटना भएको थियो, अङ्ग्रेजले यहाँका केही व्यक्तिलाई समातेर लगे। यिनीहरू घरबाट टाढा, परिवारदेखि टाढा अन्य देशमा गए । फिजी, मरिसस, दक्षिण अफ्रिकाका धेरैजसो इलाकामा सुन र हीरा खानीमा उत्खननका लागि उनीहरू लगिएका थिए। अङ्ग्रेजलाई मजदुरको आवश्यकता थियो, त्यस कारण उनीहरूले भारतीयलाई समातेर लगे। तर भारतीय व्यक्ति नातागोताविना त्यहाँ कसरी बस्न सक्थे ? त्यहाँ उनीहरूलाई मजदुरी गर्नु थियो, उनीहरूको आफन्त छुटिएका थिए। तर आफन्तलाई बोलाउन सक्दैन थिए। त्यसपछि सम्बन्ध बनाउन उनीहरूले विवाह गरे, त्यहाँका स्थानीयसँग ।

आफूसँगै आफ्नो देशबाट उनीहरूले केही लगेका थिएनन् तर हनुमान चालीसा र रामायण, श्रीरामचरितमानसका केही चौपाई उनीहरूलाई कण्ठस्थ थियो। हनुमान चालीसा, रामचरितमानस उनीहरूको लागि एउटा सञ्जीवनी बन्यो, उनीहरूलाई भावनात्मक सम्बल दिनको लागि एउटा आधार बन्न पुग्यो।

आज पनि जो व्यक्ति टाढा अन्य देशमा बसेका छन्, उनीहरूले आफूसँग के ल्याएका थिए ? जब मन टुट्थ्यो, छरिन्थ्यो, त्यस छरिएको मनको लागि उनीहरूको सम्बल के हुन्थ्यो ? हनुमान चालीसा। आज पनि त्यहाँ जब भारतबाट कोही कथावाचक जान्छ, तब निकै अनुरागले उनीहरू रामकथा सुन्छन् ? त्यस रामको नामले, त्यस हनुमानको नामले, हनुमानचालीसाको चौपाईले उनीहरूको जीवनको डोरी बाँधेर राखेको छ, उनीहरूलाई छरिनबाट बचाएको छ किनभने हाम्रो आस्था, हाम्रो श्रद्धाले नै हामीलाई बचाएर राखेको छ। आफूभित्र अपनत्व पैदा गरिदिएको छ । यसर्थ तपाईले त्यो बिन्दु खोज्नुपर्छ । तपाईको व्यक्तित्व कहाँ–कहाँ छरिएको छ, कहाँबाट चञ्चलता आइरहेको छ ? कहाँबाट मनमा असुरक्षा हुर्किरहेको छ ?

जहाँ मन भागिरहेको छ, दौडिरहेको छ। जहाँ उसलाई असुरक्षाले सताइरहेको छ, जहाँ उसलाई चिन्तामा निद्रा लागिरहेको छैन । जहाँ उसले पीडा पाइरहेको छ, दुःख पाइरहेको छ । जहाँ आन्दोलन छ, उद्वेलन छ, ती कुरा, ती बिन्दुलाई सबैभन्दा पहिले खोज्नुपर्छ।

जीवनका ससाना कुरामा ठूलो आस्था लुकेको हुन्छ। कुरा यति मात्र होइन कि चमत्कार कहाँ छ ? चमत्कार हाम्रो प्रेममा छ, चमत्कार हाम्रो आस्थामा छ, चमत्कार हाम्रो श्रद्धामा छ। गजेन्द्रमोक्ष स्तोत्रमा लेखिएको मालवीयजीको एउटा कथन । मालवीयजीको गजेन्द्रमोक्षप्रति ठूलो आस्था थियो। उनको भनाइ थियो कि एकपटक जब म ऋणमा डुबेको थिएँ, तब म गजेन्द्रमोक्ष पढ्थें । आस्था थियो कि गजको उद्धार गर्ने नारायणले मेरो पनि उद्धार गर्नेछन् । यो विश्वास, यो ज्ञान, यो प्रेमले मनलाई भौंतारिन दिँदैन, स्थिर राख्छ र स्थिर मन निकै शक्तिशाली हुन्छ । एक शब्दमा श्रीअरविन्दले भनेका छन्– Peak of the Consciousness अर्थात् चेतनाको चरम शिखर, हिमालयको अग्लो चुचुरोको समान छ। हिमालयको सबैभन्दा अग्लो चुचुरो के हो ? दुनियाँको सर्वोन्नत, सर्वोच्च पर्वत शिखर कुन हो ? दुनियाँको सबैभन्दा ठूलो उचाइ के हो ? संसारमा सबैभन्दा उच्च स्थान के हो ? स्थिर मन।

जब भगवान् गीतामा दशौं अध्यायमा आफ्नो विभूतिको वर्णन गर्छन् र भन्छन्–स्थिर वस्तुमा म हिमालय हुँ। जसको मन स्थिर छ, त्यो सदैव हिमालयमा वास गर्छ। कतै अन्यत्र जाने आवश्यकता नै पर्दैन। मन स्थिर छ भने हिमालयमा छ र मन स्थिर छैन भने घरघोर, घोर संसारमा छ। यसैले आफ्नो मन चिन्न जरुरी छ, त्यसको विश्लेषण गर्न जरुरी छ, त्यसको विवेचन जरुरी छ, आफूलाई परख गर्न जरुरी छ।

भगवान् श्रीकृष्णले श्रीमद्‌भगवद्‌गीतामा एक सूत्र दिएका छन्–हेर, म तिमीलाई यो बताउँदिनँ कि यस कारण तिम्रो मन अस्थिर छ, यस कारण तिमी असुरक्षित छौ, यस कारण तिमी चञ्चल छौ, तर तिमी पहिचान गर कुन कारणले तिमी चञ्चल छौ, तिमी पहिचान गर कुन कारणबाट तिमी अस्थिर छौ र यो पक्का कुरा हो कि जहाँ–जहाँबाट तिमी चञ्चल भइरहेका छौ, जहाँबाट तिमी अस्थिर भइरहेका छौ, दुःख पाइरहेका छौ, त्यहाँ–त्यहाँबाट कुनै निषेधात्मकता, नकारात्मकता तिमीभित्र प्रवेश गरिरहेको छ, त्यहाँ नकारात्मकता अवश्य छ । त्यहाँ त्यस कुनामा अँध्यारो अवश्य छ। जुन कुनामा अँध्यारो छ, त्यहाँ उज्यालो पुऱ्याउने उपाय खोज। त्यहाँ प्रकाश छ, प्रकाश कुन वस्तुको छ–सकारात्मकताको, शुभचिन्तनको, सद्गुणको, विश्वासको।

# वीरगंज सडक : कम विनाशमा विस्तार कसरी ?

**समयान्तर**



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**यो दायित्वलाई वीरगंज क्षेत्रबाट कानून निर्माणको थलो संसद्मा पुगेकाहरूले समेत बुझेको आभास हुन सकेको छैन। वीरगंजको मुख्य शहरको मौलिकता जोगाएर उपयुक्त उपाय र त्यसको कानूनी आधार निर्माण गर्नु यो क्षेत्रका राजनीतिक अगुवाहरूको दायित्व हो।**

वीरगंजको मुख्य सडक विस्तारको विषय करीब एक दशकदेखि कचल्टिएको छ । विवादको निरूपण सरोकारको निकाय सडक विभागको हातबाट न्यायालयको क्षेत्राधिकारमा पुगिसकेको छ । न्यायिक निरूपणमा भइराखेको ढिलाइ मुख्य सडकखण्डका बासिन्दाका लागि प्रकारान्तरले गर्धनमाथि झुन्डयाइएको तरबारजस्तै बनेको छ ।

मुख्य सडकमा घरजग्गा हुनेहरू जसरी पनि विस्तार रोक्ने पक्षमा उभिन्छन् भने मुख्य सडकमा सम्पत्ति नहुनेहरू राजगमार्गको मापदण्ड अनुसार सडकको दायाँ/बायाँ २५ मिटर क्षेत्राधिकारमा पर्ने सबै संरचना नभत्काइ नहुने तर्क गर्छन्। साँघुरो सडकलाई एक इन्च पनि चलाउन हुँदैन भन्नु र विस्तारका नाममा व्यापक विनाश नगरी विकास नै हुँदैन भन्ठान्नु दुवै सही सोच होइनन् । निकासका सापेक्ष उपायमा सरोकारका पक्षको उदासीनता देखिएको छ। सुनिन्छ, यो विषय वीरगंजका केही चतुर र अवसरवादी राजनीतिक पेशेवरहरूका लागि भोट र नोट असुलीको औजार बन्दै आएको छ।

सरकारले २०३१ सालमा ल्याएको सार्वजनिक सडक ऐनले राजमार्गको २५/२५ मिटर दायाँ/बायाँलाई सडक सीमा निर्धारण गरेको हो । ऐनले राजमार्गमा ५० मिटरबाहेक निजी स्वामित्वकै भएपनि ६/६ मिटर छोडेर मात्रै संरचना निर्माण गरिनुपर्ने व्यवस्था गरेको छ। तर अहिले चर्चा ५० मिटरको मात्रै छ । दुईतर्फी छ मिटरको मापदण्डबारेमा सर्वसाधारणलाई सुसूचित गराउन आवश्यक ठानिएको छैन । कतिसम्म विरोधाभास छ भने कानून कार्यान्वयनमा आएको यतिका वर्ष बितिसक्दा सडक दायरामा पर्ने सम्पत्तिबाट सरकारले कर असुल गरिराखेको छ। त्यस्ता जग्गाको किनबेच पनि भइराखेकै थियो । सडक विभागले त्रिभुवन राजपथको ११६ किलोमिटरमध्ये विभिन्न क्षेत्र तोकेर २५/२५ मिटर दायाँ/बायाँको अतिक्रमण हटाउन सूचना निकाल्न थालेयता किनबेच छैन।

फराकिलो सडक शहरको सुन्दरता हो, यसमा विवाद छैन । तर चौडा सडकका लागि स्थानीयलाई घरबारविहीन बनाएर सडकमा ल्याउनु पनि न्याय होइन। कुनै पनि पूर्वाधारको औचित्यको ओज कति छ भनेर वस्तुनिष्ठ परख हुनुपर्छ। एक समय थियो, वीरगंज मात्र देशलाई वैदेशिक व्यापारसँग जोड्ने नाका थियो। त्रिभुवन राजपथ मात्रै राजधानी काठमाडौंलाई जोड्ने व्यापारिक मार्ग थियो । अब अवस्था त्यस्तो छैन । प्रकारान्तरले वीरगंज नाकाबाट हुने आयात–निर्यात अन्य नाकातिर सरिसकेको छ, बर्सेनि यो नाकाको व्यापार खस्किंदो परिमाणमा छ।

नाकाबाट भित्रिने ढुवानी अहिले यो मार्गबाट हुँदैन, अनेक विकल्प उपयोगमा छन्। काठमाडौंसँग अन्य राजमार्गहरूको सम्पर्क जोडिएको छ, जोडिने क्रम जारी छ । व्यापारिक ओज हेर्ने हो भने शङ्कराचार्य द्वारबाट हुने आयात–निर्यात मुख्य शहरको पश्चिमतर्फ अवस्थित नेपाल–भारत एकीकृत जाँच चौकी (आइसिपी)मा गइसकेको छ । आइसिपीबाट परवारीपुरसम्म छ लेनको व्यापारिक मार्ग छ। आयात–निर्यातको ढुवानी यही सडकबाट भइरहेको छ। राजधानीसितको छोटो दूरीमा निर्माण भइरहेको द्रुतमार्गको ओजमा न्यून सम्भाव्यता समेटेको मार्गको उपयोगिता झन खुम्चिएर जान्छ। त्रिभुवन राजपथ भनेको अन्य विकल्प नहुँदा आउजाउको मार्गमा सीमित भइसकेको छ।

वीरगंजकै आवागमनका पूर्वाधार हेर्ने हो भने पनि मुख्य सडकखण्डभन्दा अन्य सहज सडक सञ्चालनमा छन् । एक समय एउटै मुख्य सडकमा आधारित वीरगंज अब यसैमा मात्र सीमित छैन । चार लेनको बाइपास सडक सञ्चालनमा छ। छ लेनको बाइपास, त्यसको पूर्वमा ४० फिटको सेकेन्ड बाइपास र पश्चिममा इनरबाइपास सञ्चालनमा छन् । वीरगंजको लागि त्रिभुवन राजपथ त अब एउटा सामान्य सम्पर्क सडकबाहेक अन्य केही होइन। यो अवस्थामा सडक विस्तारको आवश्यकतालाई वीरगंजको अवस्थिति, उपलब्ध सडक पूर्वाधारको अवस्था र तिनको उपयोगिताका आधारमा मूल्याङ्कन गरिनु बुद्धिमानी ठहर्छ। सडकमा पर्याप्त विकल्प तयार भइसकेको वीरगंजमा मुख्य सडक आसपासका क्षेत्र सुरक्षित राखेरै पनि निकास निकाल्न सकिन्छ । पूर्वाधार भनेको लहड मात्र होइन ।

यही तथ्यलाई ध्यानमा राखेर वीरगंज महानगरपालिकाले विगतमा वीरगंजको मुख्य सडकलाई १५/१५ मिटर विस्तार गरेर शहरको मौलिकता र विकास दुवैलाई जोगाउने मध्यमार्गी निर्णय गरेको थियो । नगरपरिषद्‌बाट अनुमोदन गरिएको यो निर्णय कागजमा सीमित छ । सङ्घ सरकारको क्षेत्राधिकारमा पर्ने सडकमा महानगरको निर्णय काम लागेन। तर स्थानीय सरकार हुनुका कारण स्थानीय आवश्यकता र औचित्यको त्यो दूरगामी निर्णय कार्यान्वयनका लागि महानगरले सङ्घ सरकारमा जति पहल गर्नुपर्ने थियो, त्यो गरेको देखिएन । महानगरको अहिलेको नेतृत्वले त्यो निर्णयको स्वामित्व लिएर पहल गर्न नसक्ने होइन, तर तत्परता देखा परेको छैन । खासमा यो विषय स्थानीय नेतृत्वका लागि निकासभन्दा पनि राजनीतिक, त्योभन्दा पनि बढी व्यक्तिगत आग्रहको विषय बढी बनेको छ । यो मनोविज्ञान नै सापेक्ष विकास र निकासमा अवरोधको कडी हो।

मुख्य शहरबीचमा राजमार्गको अवधारणा अब काम लाग्दैन। यो सवारी दुर्घटनाको मूल कारण बन्न सक्छ। निकट छिमेक भारतमै हेरौं, शहरको बीचमा राजमार्गको अभ्यास कतै पनि छैन । नियम र प्रक्रिया मानवीय हितका लागि हुन् भने लक्षित स्थानको विशेषता र आवश्यकताका आधारमा पुनरावलोकन र परिमार्जन हुनुपर्छ। सान्दर्भिक र सापेक्ष विधिले मात्र लोककल्याणलाई निश्चित गर्न सक्छ। लहड र हठले सुखद परिणाम दिँदैन भन्नेमा सचेतना अपनाउनै पर्छ। कानून लोककल्याण र विधिको साधन मात्रै हो। दशकौं पुरानो कानून अहिले सान्दर्भिक छैनन् भने त्यसलाई संशोधन गरिनुपर्छ । संविधान त संशोधनीय गतिशील कानूनी दस्तावेज हो भने त्यसका आधारमा बन्ने कानूनलाई सापेक्ष बनाउनु कानून निर्माताको दायित्व हो। सत्ता र स्वार्थका लागि महीनैपिच्छे मूल कानून संशोधनमा तत्परता देखिएकै हो । तर नेतृत्व सार्वजनिक सरोकारको यो विषयमा आवश्यकताजति जिम्मेवार देखिएको छैन। यो दायित्वलाई वीरगंज क्षेत्रबाट कानून निर्माणको थलो संसद्मा पुगेकाहरूले समेत बुझेको आभास हुन सकेको छैन। वीरगंजको मुख्य शहरको मौलिकता जोगाएर उपयुक्त उपाय र त्यसको कानूनी आधार निर्माण गर्नु यो क्षेत्रका राजनीतिक अगुवाहरूको दायित्व हो।

# विश्व परिप्रेक्ष्यमा नेपालको पत्रकारिताबारे अध्ययन गरिएको पुस्तक सार्वजनिक

काठमाडौं, २ असार/रासस

विश्वव्यापी परिप्रेक्ष्यमा नेपालका सञ्चारमाध्यम र पत्रकारिता क्षेत्रको अवस्थितिबारे विस्तृत अध्ययन समेटिएको पुस्तक 'ग्लोबल प्रस्पेक्टिभ अन जर्नालिजम इन नेपाल'को नेपाली संस्करण सार्वजनिक भएको छ।

काठमाडौंमा आयोजित एक औपचारिक कार्यक्रमका बीच पुस्तक सार्वजनिक भएको हो । नेपालको पत्रकारिता र सञ्चारमाध्यमका समसामयिक अभ्यासमा केन्द्रित अनुभवजन्य अध्ययन, आलोचनात्मक समीक्षा, सैद्धान्तिक र दार्शनिक विश्लेषणसहितका विषयवस्तु पुस्तकमा समेटिएका छन्।

पुस्तक सार्वजनिक गर्दै प्राध्यापक पी खरेलले नेपालको पत्रकारिताको सैद्धान्तिक र व्यावहारिक अनुसन्धानका लागि यो पुस्तक पथप्रदर्शक हुने बताए। “गहन अनुसन्धानबाट तयार पारिएका शोध र विज्ञहरूको ज्ञान समेटिएको यो पुस्तकले नेपालको समग्र सञ्चारजगत् र पत्रकारिता क्षेत्रको सैद्धान्तिक र व्यावहारिक उन्नयनमा योगदान गर्ने अपेक्षा छ,” उनले भने। पत्रकारिता क्षेत्रमा राजनीतिक प्रभाव देखिन थालेको उल्लेख गर्दै प्राध्यापक खरेलले नेपालको पत्रकारिता क्षेत्रको सुधारका लागि आलोचनात्मक ढङ्गले जानुपर्ने बताए।

कार्यक्रममा प्राध्यापक रामकृष्ण रेग्मीले पत्रकारिता क्षेत्रका तीन पुस्ताले योगदान गरेको यो पुस्तकका थप संस्करण पनि ल्याउन आवश्यक रहेको बताए। पछिल्लो समय पठन संस्कृति हराउँदै गएको उल्लेख गर्दै रेग्मीले सामाजिक सञ्जाल र न्यू मिडियाको प्रयोगले ज्ञान र सूचनाको पुस्तान्तरण हुन नसकेको बताए। “अहिले पठन संस्कृति हराउँदै गएको छ । मानवजातिले सँगालेको अनुभव र ज्ञान एक पुस्ताबाट अर्को पुस्तासम्म पुऱ्याउनका लागि किताब महत्त्वपूर्ण छ,” उनले भने।

प्राध्यापक कुन्दन अर्यालले पछिल्लो समय जनमानसमा असम्पादित सूचनाहरू बढी जाने गरेकाले त्यसलाई रोक्नु चुनौतीपूर्ण रहेको बताए । “अहिले सामाजिक सञ्जालको प्रयोग र सञ्चारमाध्यममा आएका नयाँ प्रविधिले सम्पादन नै नभएका सूचना नागरिकसम्म पुग्छन्, यो चुनौतीपूर्ण छ,” उनले भने।

पत्रकारिता र सञ्चार क्षेत्रका २१ जना लेखकका शोधपूर्ण लेख समेटिएको यो पुस्तक भानुभक्त आचार्य र श्याम शर्माले सम्पादन गरेका हुन् । सम्पादक भानुभक्त आचार्यले नेपाललाई 'केस स्टडी' बनाएर विश्व परिवेशमा आधारित भई पुस्तकका विषयवस्तु राखिएको बताए । “नेपालको पत्रकारिताले संसारलाई भन्नुपर्ने केही कुरा छन् भन्ने लागेर यो पुस्तक लेखन शुरू भएको थियो । पुस्तकका विषयवस्तु नेपाली पाठकलाई भन्दा पनि अन्तर्राष्ट्रियजगतलाई जानकारी दिने उद्देश्य हो,” आचार्यले भने।

पुस्तकमा भानुभक्त आचार्य, श्याम शर्मा, श्रीमन शर्मा, समीक्षा कोइराला, लक्ष्मण हुमागाई, तुलसी आचार्य, भगीरथ योगी, जगन कार्की, रामकृष्ण रेग्मी, सुजीना शाक्य, पियुष मिश्र, कुन्दन अर्याल, कवि अधिकारी, लेखनाथ पाण्डे, उषाकिरण रेग्मी, सन्देशदास श्रेष्ठ, हर्षमान महर्जन, विमला थपलिया, प्रवेश सुवेदी, रामहरि तिमिल्सिना र पूर्णबहादुर नेपालीका शोधपूर्ण लेख समेटिएका छन्। चार भागमा रहेको पुस्तकमा फरक–फरक विषयका १८ वटा लेख समावेश छन्।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## नवीकरणीय ऊर्जा सवारीसाधन बिक्री ८२ प्रतिशतले बढ्यो

बेइजिङ, २ असार/सिन्हवा

चीनमा नवीकरणीय ऊर्जा सवारीसाधनको खुद्रा बिक्री मे महीनामा वार्षिकरूपमा ८२ प्रतिशतले बढेको पाइएको छ । चाइना प्यासेन्जर कार एशोसिएशनको पछिल्लो तथ्याङ्कले सो विवरण देखाएको छ ।

विवरण अनुसार मे १ देखि २८ सम्मको अवधिमा चीनमा कुल ४८३,००० वटा त्यस्ता सवारीसाधन बिक्री भएका थिए ।

यसैबीच, यात्रुवाहक सवारीसाधनको खुद्रा बिक्री वार्षिक दुई प्रतिशतले बढेर ७.२९ मिलियन युनिट पुगेको छ । सिपिसिएले मुख्यतया मे दिवसको बिदाको समयमा बिक्री प्रवर्द्धन, केन्द्र र स्थानीय सरकारद्वारा ल्याइएका उपभोग अनुदान नीतिलाई प्रश्रय दिएको छ । रासस

## चीनले भारतसँगको सम्बन्धलाई स्थिर बनाउने

बेइजिङ, २ असार/सिन्हवा

चिनियाँ राज्य परिषद्का सदस्य तथा विदेशमन्त्री छिन ग्याङले द्विपक्षीय सम्बन्धलाई स्थिर र सुदृढ विकासको बाटोमा फर्काउन भारतसँग संयुक्त प्रयास गर्न आह्वान गरेका छन् ।

मन्त्री छिनले दुई पक्षले इतिहासबाट पाठ सिक्नुपर्ने र रणनीतिक एवं दीर्घकालीन दृष्टिकोणबाट द्विपक्षीय सम्बन्धलाई सम्हाल्ने बताए ।

उनले दुई छिमेकीलाई एकअर्कालाई सम्मान गर्न र एकअर्कालाई सुदृढ बनाउन र आआफ्नो राष्ट्रिय पुनर्जागरणमा योगदान पुर्‍याउँदै विश्व शान्ति र विकासमा स्थायित्व र सकारात्मक ऊर्जा सम्प्रेषण गर्दै सामञ्जस्यपूर्ण सहअस्तित्व, शान्तिपूर्ण विकास र साझा पुनरुत्थानको नयाँ मार्गमा लाग्न आह्वान गरेका छन् ।

चीनले भारतसँग द्विपक्षीय परामर्श र आदानप्रदान गर्न, बहुपक्षीय ढाँचा अन्तर्गत वार्ता र सहयोग अभिवृद्धि गर्न र अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मुद्दाहरूमा समन्वय र सहयोगलाई अझ गहिरो बनाउन इच्छुक रहेको पनि उनले उल्लेख गरेका छन् ।

उनले चीन-भारत सिमानाको वर्तमान अवस्था सामान्यतया स्थिर रहेको पनि उल्लेख गरेका छन् । दुवै पक्षले दुई देशका नेताहरूले गरेका महत्त्वपूर्ण सहमतिलाई कार्यान्वयन गर्न, विद्यमान उपलब्धिहरूलाई सुदृढ गर्दै कडाइका साथ पालना गरिरहनुपर्नेमा पनि जोड दिइएको छ ।

त्यसैगरी, भारतीय विदेशमन्त्री जयशङ्करले भारत र चीनले थुप्रै क्षेत्रमा सहयोग सुदृढ गर्न आवश्यक रहेको र भारतले चीनसँगको सीमा क्षेत्रमा शान्ति र स्थायित्वको खोजी जारी राख्ने आशा राखेको पनि बताएका छन् । रासस

## राष्ट्रिय शक्ति निर्माण आवश्यक –अध्यक्ष ओली

काठमाडौं, २ असार/रासस

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले देशप्रति समर्पित राष्ट्रिय शक्ति निर्माण आवश्यक रहेको बताएका छन् । पार्टी प्रवेश कार्यक्रममा उनले इमानदारिताका साथ देशप्रति समर्पित र जनतालाई सुखी बनाउन सक्ने राष्ट्रिय शक्ति निर्माण आवश्यक रहेको बताएका छन् ।

"हामी एउटा राष्ट्रिय शक्ति निर्माण गर्न चाहन्छौं, जो देशप्रति समर्पित होस् र त्यसले मुलुकको चौतर्फी विकास, सुरक्षा तथा न्याय प्रदान गर्न सकोस्," उनले भने । अध्यक्ष ओलीले कसैले पनि पराजित गर्न नसक्ने खालको राष्ट्रिय शक्ति निर्माणको आवश्यकता रहेको बताए । उनले निष्ठा र इमानदारिताका साथ सक्रिय भई जनताको जीवनमा परितर्वन ल्याउने गरी काम गर्न पार्टीका नेता तथा कार्यकर्तालाई निर्देशन दिए ।

उनले एमाले सबैका लागि एउटै परिवार जस्तो भएकाले योग्यता र क्षमताका आधारमा जिम्मेवारी दिइने बताए । उनले पार्टीमा चाकडी नचल्ने स्पष्ट पार्दै कामका आधारमा मूल्याङ्कन हुने बताए ।

"कसले कति चाकडी गर्छ भन्ने कुरा पार्टीमा हुँदैन । कामको मूल्याङ्कनबाट आएको पार्टी हो," उनले भने, "यो आदेशबाट नियुक्त र बर्खास्त गर्ने पार्टी पनि होइन । एमालेले भन्ने बेलामा एउटा र गर्ने बेलामा अर्को काम गर्दैन ।"

नेपाली समाजको आधुनिक जागरण, सचेतनामा एमालेको भूमिका रहेको भन्दै उनले सामाजिक न्याय, समानता, पछाडि परेका समुदायको हकअधिकारका लागि कम्प्युनिस्ट पार्टी स्थापना गरिएको बताए ।

## प्रगतिशील चिकित्सक सङ्घको नेतृत्वमा डा बस्नेत

चितवन, २ असार/रासस

नेपाल प्रगतिशील चिकित्सक सङ्घको तेस्रो राष्ट्रिय सम्मेलनले डा मधुर बस्नेतको नेतृत्वमा ३५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । आज यहाँ सम्पन्न सम्मेलनले १५ बुँदे घोषणापत्रसमेत जारी गरेको हो ।

समितिको वरिष्ठ उपाध्यक्ष डा कुम्भराज जोशी, उपाध्यक्षहरू बाग्मतीबाट डा अमृत भुसाल, गण्डकीबाट डा दिनेशकुमार विक, लुम्बिनीबाट डा राजन पाण्डे, कर्णालीबाट डा राजवीर सुनार, सुदूरपश्चिमबाट डा मोहनाथ योगी, मधेसबाट डा नौसाद हक चुनिएका छन् ।

यसैगरी, महासचिव डा मधु न्यौपाने, उपमहासचिव डा भागवत भट्टराई र डा चेतन बस्नेत, सचिव डा जनकबहादुर थापा र कोषाध्यक्षमा डा शकुन्तलाकुमार गुप्ता चुनिए । सम्मेलनले डा बुद्धिबहादुर थापाको अध्यक्षतामा १३ सदस्यीय सल्लाहकार समिति पनि गठन गरेको छ ।

सम्मेलनको नेकपा (माओवादी केन्द्र)का उपाध्यक्ष अग्नि सापकोटाले उद्घाटन गरेका थिए । सम्मेलनलाई माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा स्वास्थ्य विभागका इन्चार्ज कल्पना धमला, माओवादी केन्द्रका केन्द्रीय सदस्य ईश्वरी भट्टराई, भरतपुर महानगर प्रमुख रेणु दाहाल, माओवादी केन्द्रका केन्द्रीय सदस्य घनश्याम दाहाल, कञ्चन खनाललगायतले मन्तव्य व्यक्त गरेका थिए ।

सम्मेलनले जारी गरेको घोषणापत्रमा समाजवाद केन्द्रित राज्यको स्वास्थ्य नीति हुनुपर्ने र सोहीअनुरूप कार्यान्वयन गरिनुपर्ने माग गरिएको छ । घोषणापत्रमा स्वास्थ्यमा शून्य भ्रष्टाचार सुनिश्चित गरिनुपर्ने, संविधानले प्रत्याभूत गरेको आधारभूत र आकस्मिक स्वास्थ्य निश्शुल्क हुने कुरा व्यवहारमा सुनिश्चित गरिनुपर्ने, सोको निम्ति सोही अनुसार बजेट, साधन, स्रोत र जनशक्तिको व्यवस्था गरिनुपर्ने माग गरिएको छ ।

घोषणापत्रमा भनिएको छ, "स्वास्थ्य बीमालाई सामाजिक सुरक्षाको प्रतिविम्बका रूपमा ७७ जिल्लामैं पुनर्संरचनासहित विस्तार गरिनुपर्छ । 'जनतासँग अस्पताल' अवधारणा अन्तर्गत प्रवर्द्धनात्मक स्वास्थ्यलाई जोड दिंदै जनताको घरदैलोमैं स्वास्थ्य सेवा उपलब्ध हुनेगरी व्यवस्था गरिनुपर्छ ।"

### आजको राशिफल

| | |
|---|---|
| मेष – विजय | वृष – कान्तिक्षय |
| मिथुन – भाग्योदय | कर्कट – बेचैनी |
| सिंह – मनोरञ्जन | कन्या – कर्मप्राप्ति |
| तुला – राज्यभय | वृश्चिक – वादविवाद |
| धनु – यात्रालाभ | मकर – कडाश्रम |
| कुम्भ – चोरभय | मीन – उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे




## चीनविरोधी गतिविधि हुन दिन्नौं –अध्यक्ष तिमिल्सिना

काठमाडौं, २ असार/रासस

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले नेपालको भूमिलाई चीनको अखण्डतामा आँच आउने कुनै गतिविधि हुन नदिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

चीनको स्वशासित क्षेत्र तिब्बतमा आयोजित पाँचौं चीन तिब्बत पर्यटन तथा संस्कृति एक्स्पोलाई सम्बोधन गर्दै अध्यक्ष तिमिल्सिनाले नेपाल सधैं एक चीन नीतिको पक्षमा स्पष्टरूपमा अडिग रहेको स्पष्ट गरे । विश्व शक्तिको रूपमा उदाएको चीनले भौगोलिक र सामरिक हिसाबले सानो छिमेकी मुलुक नेपालको भौगोलिक अखण्डता र सार्वभौमसत्ताको सम्मान गर्दै आएको उल्लेख गर्दै उनले भने, "नेपाल पनि सधैं एक चीन नीतिको पक्षमा स्पष्टरूपमा अडिग छ र आफ्नो भूमिलाई चीनको अखण्डतामा आँच आउने गतिविधिका लागि प्रयोग हुन नदिन प्रतिबद्ध छ ।"

नेपाल-चीनले एक अर्काको स्वाभिमानलाई सम्मान गर्दै आएको उल्लेख गर्दै अध्यक्ष तिमिल्सिनाले भने, "शान्तिपूर्ण सहअस्तित्वका पञ्चशीलका सिद्धान्तका आदर्शहरूमा दुवै देशको अटल विश्वास छ । चीन र नेपाल एकअर्काको स्वाभिमान, अस्तित्व र अखण्डताको सधैं सम्मान गर्दै आएका छन् ।" विश्व व्यवस्थालाई न्यायोचित, समावेशी, निष्पक्ष र नियममा आधारित बनाउन तथा आर्थिक विश्वव्यापीकरण र बहुपक्षीयतालाई प्रवर्द्धन गर्न र गरीबी निवारणमा चीनले हासिल गरेको उपलब्धि विश्वका लागि एक अनुपम उदाहरण बनेको चर्चा गर्दै अध्यक्ष तिमिल्सनाले विकासोन्मुख र अतिकम विकसित मुलुकको हित प्रवर्द्धनार्थ चीनले खेल्दै आएको नेतृत्वदायी भूमिकाको सराहना पनि गरे ।

उनले नेपाल र तिब्बतबीच ऐतिहासिक समयदेखि चलिआएका व्यापार र लगानी नेपाल र चीनबीचको द्विपक्षीय सम्बन्धका आधारभूत खम्बा भएको बताए । अध्यक्ष तिमिल्सिनाले कोभिड महामारीका समयमा नेपाल र चीनबीचको व्यापार र लगानीका गतिविधिहरू प्रभावित भएको तथा अहिले तीनवटा नाका खुला भएकाले यसले व्यापार र लगानीमा प्रवर्द्धन गर्ने विश्वास व्यक्त गरे ।

मुस्ताङ र तिब्बतको ढोङवासेन जिल्लाको सिमानामा पर्ने कोराला नाकालाई छिटो सञ्चालन गर्न आवश्यक रहेको बताउँदै उनले नेपालको उत्तरमा तिब्बत र दक्षिणमा भारत जोड्ने कालीगण्डकी करिडोर निर्माण अन्तिम चरणमा रहेकाले कालीगण्डकी करिडोर हुँदै मानसरोवर यात्रासमेत छोटो र सहज हुने धारणा राखे ।

कोराला नाकामा तिब्बततर्फ भन्सार पूर्वाधारको निर्माण कार्य तीव्ररूपमा अगाडि बढिरहेको र नेपालतर्फ भन्सार पूर्वाधारको निर्माण कार्य शुरू गर्न नसकिएको अवस्थामा नेपालतर्फ भन्सार पूर्वाधार बनाउन तिब्बत सरकारको सहयोगको अपेक्षा गरेको अध्यक्ष तिमिल्सिनाको भनाइ छ ।

उनले नेपालको मुस्ताङ जिल्ला र तिब्बतको ढोङवासेन जिल्लाको सिमानामा हरेक वर्ष जून र सेप्टेम्बर महीनामा लाग्दै आएको नेचुङ (लिक्ची) मेला रोकिएको हुँदा मेला सुचारु गर्न पनि आग्रह गरे । अध्यक्ष तिमिल्सिनाले नेपालबाट तिब्बततर्फ निकासी हुने जनावरको आहारमा प्रयोग हुने तयारी घाँस तथा फलफूल, तरकारी र जडीबुटी जस्ता कृषिजन्य उत्पादनको निकासीमा तिब्बत सरकारले भन्सार प्रक्रिया सहजीकरण गर्दा दुई देशबीचको व्यापार असन्तुलन घट्ने विश्वास पनि व्यक्त गरे ।

उनले काठमाडौंदेखि ल्हासा, पोखरा र भैहरवा सीधा उडान सुचारु गर्दै कैलाश मानसरोवर यात्रा अनुमतिको प्रक्रियामा सहजीकरण भएमा दुवै देशमा पर्यटकीय गतिविध बढ्ने भन्दै तिब्बत सरकारको ध्यानाकर्षण गराएको उनको सचिवालयले जनाएको छ ।

## बलियो कम्युनिस्ट शक्ति निर्माणका लागि समाजवादी मोर्चा आवश्यक –अध्यक्ष नेपाल

काठमाडौं, २ असार/रासस

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले मुलुकमा बलियो कम्युनिस्ट शक्ति निर्माणका लागि समाजवादी मोर्चा गठन गर्न लागिएको बताएका छन् ।

पार्टी निकट गोरखा-काठमाडौंसम्पर्क मञ्चको प्रथम जिल्ला अधिवेशनको शुभारम्भ गर्दै अध्यक्ष नेपालले मुलुकमा राजनीतिक स्थिरता कायम गरी जनताको लामो सङ्घर्षबाट प्राप्त भएको अहिलेको संविधान तथा राजनीतिक व्यवस्थालाई संरक्षण गर्न मोर्चाको आवश्यकता रहेको बताए ।

विसं २०४६ को आन्दोलनमा पनि वामपन्थीको मोर्चा बनाएर राजनीतिक परिवर्तनमा उल्लेखनीय भूमिका निर्वाह गरेको बताउँदै उनले देशमा राजनीतिक स्थायित्व र स्थिरता प्रदान गर्न तेस्रो शक्तिका रूपमा मोर्चालाई स्थापित गराइने बताए ।

अध्यक्ष नेपालले शोषण, दमन, उत्पीडन, भेदभावविरुद्धका मुद्दामा समाजलाई सही दिशानिर्देश गर्न, कम्युनिस्ट आन्दोलनलाई लोकप्रिय बनाउन निर्माण गरिएको मोर्चा छिट्टै घोषणा हुने जानकारी दिंदै कुनै पनि पार्टीलाई मोर्चामा विलय गराउने उद्देश्य नभएको प्रस्ट पारे ।

अहिले मौलाइरहेको भ्रष्टाचारको अन्त्य गर्न राजनीतिमा शुद्धीकरणको खाँचो औंल्याउँदै उनले त्यसका लागि स्वच्छ छवि भएका निष्कलङ्क व्यक्ति राजनीतिप्रति आकर्षित हुनुपर्नेमा जोड दिए । पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले तत्कालीन एमालेका नवौं महाधिवेशनमा 'सुखी नेपाली र समृद्ध नेपाल' भन्ने नारा आफूले अगाडि सारेको बताए ।

शिक्षा, स्वास्थ्य, विकास र जनताको समृद्धिका विषयलाई आफ्नो पार्टीले प्राथमिकतामा राखेकाले राष्ट्रिय राजनीतिमा नेकपा (एकीकृत समाजवादी)को भूमिका बढ्दै गएको उनको भनाइ थियो । पार्टीका पोलिटब्यूरो सदस्य दिलु पन्तले समाजवाद हासिल गर्न विकास, समृद्धि सामाजिक न्यायसहितको आत्मनिर्भर अर्थतन्त्रको खाँचो हुने बताए ।

## कृषकलाई शून्य ब्याजदरमा ऋण

सुदूरपश्चिम, २ असार/रासस

सुदूरपश्चिम प्रदेश सरकारले व्यावसायिक कृषि गर्नेलाई शून्य ब्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था गरेको छ ।

सरकारले शुक्रवार प्रदेशसभामा प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटमा कृषि अनुदानमा देखिएका कमीकमजोरीलाई सुधार गरी कृषि अनुदानको समुचित उपयोग गर्न शून्य ब्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था गरिएको उल्लेख छ ।

प्रदेश कृषि प्रवर्द्धन कोषको स्थापना गरी यस्तो कर्जा उपलब्ध गराउन रु चार करोड विनियोजन गरिएको छ । आगामी पाँच वर्षमा दलहन, मसला बाली र फलफूलमा आत्मनिर्भर हुनेगरी 'कृषिमा आत्मनिर्भर सुदूरपश्चिम प्रदेश' भन्ने अभियान सञ्चालन गरिने सरकारको बजेट कार्यक्रममा उल्लेख छ ।

यस अन्तर्गत भटमास, ओखर, सुन्तला, स्याउ, अदुवा, खाद्यान्न बीउ, दूध, मासु र अन्डामा आत्मनिर्भर हुनेगरी सबै जिल्लामा कार्यक्रम सञ्चालन गरिने उल्लेख छ । कृषिजन्य वस्तुको प्रवर्द्धन बजारीकरणका लागि लागत साझेदारीमा कृषि एम्बुलेन्स सेवा सञ्चालन गरिने व्यवस्थासमेत गर्न लागिएको छ ।

रासायनिक मलको सहज उपलब्धताका लागि अनुदान समावेश नभएको एमोनियम सल्फेटलगायतका मलमा अनुदान उपलब्ध गराउने, कृषकको क्षमता अभिवृद्धि गर्न एक स्थानीय तह एक कृषक पाठशालाजस्ता कार्यक्रम पनि बजेट कार्यक्रममा समेटिएका छन् ।

चालू आर्थिक वर्षमा व्यावसायिक खेती गर्ने किसानलाई एक प्रतिशत ब्याजदरमा कर्जा उपलब्ध गराउने प्रदेश सरकारको कार्यक्रम भने अपेक्षितरूपमा सफल हुन सकेको छैन ।

सुदूरपश्चिमका नौ जिल्लामा चालू आवमा यो कार्यक्रम कार्यान्वयन गर्नका लाग झन्डै रु १० करोड बजेट छुट्याइएको थियो । सुदूरपश्चिम प्रदेश सरकारले व्यावसायिकरूपमा कृषि तथा पशुपक्षीपालन व्यवसाय गर्न चाहने कृषकलाई एक प्रतिशत ब्याजदरमा कर्जा प्रवाह गराउने व्यवस्था दुई वर्षअघि गरेको थियो ।

कार्यक्रम कार्यान्वयन गराउन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र कृषि विकास बैंक सुदूरपश्चिम प्रदेश कार्यालयका बीच सम्झौता भएको थियो । सम्झौता अनुसार कृषि विकास बैंकमार्फत कृषकले लिने कर्जाको ब्याजमा अनुदान दिने व्यवस्था गरिएको थियो ।

## 'चुरे क्षेत्रलाई उचित संरक्षण र व्यवस्थापन गर्नुपर्दछ'

त्रिवेणी, २ असार/रासस

उपराष्ट्रपति रामसहायप्रसाद यादवले चुरे क्षेत्रलाई उचित संरक्षण र व्यवस्थापन गर्नुपर्ने बताएका छन् । नवलपरासीको एक कार्यक्रममा उनले अत्यन्तै संवेदनशील पर्यावरणीय एवं वातावरणीय अवस्था रहेको चुरे क्षेत्रलाई संरक्षण र उचित व्यवस्थापन गर्नुपर्ने बताए ।

उनले चुरेको विनाशले पानीको स्रोतमा कमी हुँदा तराई-मधेस सुक्खा र मरुभूमीकरणमा परिणत हुन सक्नेतर्फ सबै सचेत हुनुपर्ने बताए । उनले भने, "तराई-मधेसमा पानीको स्रोत मानिने चुरे, भावर र तराई-मधेस परस्पर अन्योन्याश्रित छन् । यसको विनाशले पानीको स्रोतमा कमी हुँदा नेपालको अन्नभण्डारको रूपमा रहेको मधेस सुक्खा र मरुभूमीकरणमा परिणत हुन सक्छ ।"

जलवायु परिवर्तन र प्राकृतिक स्रोतको विनाशले चुरे क्षेत्रको संरक्षणमा चुनौती थपिएको भन्दै उपराष्ट्रपति यादवले यसको संरक्षणमा लाग्नुपर्ने बताए ।

# सुरक्षित गर्भपतन सेवाको अभाव

ओमप्रकाश चौधरी, सेढवा, २ असार/

पर्साका ग्रामीण बासिन्दा अहिलेसम्म पूर्ण स्वास्थ्य सेवा पाउनबाट वञ्चित छन्। यस क्षेत्रमा सुरक्षित गर्भपतन सेवा पाउन कठिन देखिएको छ। गर्भधारण भएको १२ हप्तासम्म गर्भपतन गर्ने कानूनी व्यवस्था रहे पनि यो सेवा उपलब्ध नरहेको स्थानीयले जनाएका छन्। जसका कारण सुरक्षित गर्भपतन गर्न वीरगंजस्थित मेरी स्टोप्स पुग्नुपर्ने स्थानीयले बताए। यसका साथै नारायणी अस्पताल, वीरगंज र विभिन्न निजी अस्पतालमा यो सेवा शुल्क तिरेर लिनुपर्छ। जिल्लाका ठोरी, जीराभवानी, जगरनाथपुर, पटेर्वासुगौली, छिपहरमाई, धोबिनी गाउँपालिकामा दर्जनौं स्वास्थ्य संस्था रहे पनि सुरक्षित गर्भपतन सेवा उपलब्ध नरहेको सम्बन्धित पालिकाका स्वास्थ्य शाखा प्रमुखले बताए। गर्भपतनसम्बन्धी तालीम प्राप्त स्वास्थ्यकर्मीहरू नभएका कारण सेवा सञ्चालन हुन नसकेको यस क्षेत्रका स्वास्थ्यकर्मीहरूको भनाइ छ।




ठोरी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख रमेश थिङका अनुसार सुरक्षित गर्वपतनसम्बन्धी दक्ष जनशक्ति नभएका कारण सेवा सञ्चालन हुन नसकेको हो। सुरक्षित गर्भपतनसम्बन्धी तालीमका लागि प्रदेश स्वास्थ्य तालीम केन्द्रमा माग गरिएको थिङले बताए।

जीराभवानी गाउँपालिका–२ का सेढवा स्वास्थ्य चौकीका इन्चार्ज ज्ञानकिशोर प्रसादका अनुसार पाँच वर्ष पहिले सेवा दिने गरिएको थियो। तर विज्ञ कर्मचारी सरुवा भएर गएपछि सेवा बन्द रहेको उनले बताए।

पोखरिया नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख राजेश सोलेन्द्र मिश्रका अनुसार नगर क्षेत्रभित्रका लागि पोखरिया अस्पतालमा मेडिकल र सर्जिकल दुवै गर्भपतन सेवा सञ्चालनमा छ। यहाँ मासिक ५५ देखि ६५ जनाले सुरक्षित गर्भपतन गराउने गरेको शाखा प्रमुख मिश्रले बताए। नगरपालिकाबाहेक ग्रामीण भेगका अन्य क्षेत्रबाट सेवाग्राही आउने गरेका स्वास्थ्य शाखा प्रमुख मिश्रले बताए। यस क्षेत्रमा सेवा सञ्चालन नहुँदा सीमावर्ती भारतीय बजार इनर्वा, भङहा, मैनाटाड र सिकटा बजारमा जोखिमपूर्ण सेवा लिन जानुपर्ने बाध्यता रहेको छ। जोखिमपूर्ण उपचार गराउँदा कतिपय महिलाको मृत्युसमेत भइसकेको छ।

# खेलकूदको संसार

## एशियाली खेलकूदका लागि सुदूरपश्चिमका नौ खेलाडी छनोट

महेन्द्रनगर, २ असार/रासस

चीनमा हुन लागेको १९औं संस्करणको एशियाली खेलकूद (एशियन गेम्स)मा सुदूरपश्चिम प्रदेशबाट नौजना खेलाडीले भाग लिने भएका छन्।

प्रतियोगिताका लागि महिला कबड्डीमा सुदूरपश्चिमबाट सातजना खेलाडी छानिएका कञ्चनपुरका कबड्डी प्रशिक्षक विष्णुदत्त भट्टले जानकारी दिए। "कबड्डी टीममा बान्हमध्ये सातजना महिला खेलाडी सुदूरपश्चिमबाट छन्," प्रशिक्षक भट्टले भने, "छनोटमा परेका सुदूरपश्चिमका महिला खेलाडी अहिले यहाँ विभिन्न विभागीय टीममा आबद्ध छन्।"

छनोट हुनेमा जयन्ती बडू, सुनीता थापा, रविना चौधरी, कलावती पन्त, अर्पणा चौधरी, नीतु गुरुङ र मानमती विष्ट छन्।

त्यसैगरी, कुश्तीतर्फ कञ्चनपुरका सुरेश चुनारा र शिवानी दुबे प्रतियोगितामा भाग लिनका लागि छनोट भइसकेका छन्। ७४ किलो तौल समूहमा भिडन्तमा उत्रिने चुनारा हाल त्रिभुवन आर्मी क्लबमा आबद्ध छन्। शिवानीले ५७ किलो तौल समूहमा प्रतिस्पर्धा गर्नेछिन्।

सुरेश चुनारा यसअघि इन्डोनेशियामा भएको १८औं संस्करणको एशियन गेम्समा भाग लिइसकेका छन्।

एशियाली खेलकूदका लागि दोस्रोपटक छनोट भएका चुनाराले एक महीना प्रशिक्षणका लागि इरान जाने योजना रहेको सुनाए। "अहिले काठमाडौंमै विशेष प्रशिक्षण जारी छ, केही समय इरानमा प्रशिक्षणका लागि पठाइने भनिएको छ," उनले भने, "यसपटक पदक जित्नेगरी तयारीमा जुटेको छु।"

एशियाली खेलकूदका लागि यहाँबाट तेक्वान्दो, बक्सिङ, एथलेटिक्स, फूटबल महिला, गल्फ, कुश्ती, कबड्डी महिला, भारोत्तोलन, जुडो, क्रिकेट, ब्याडमिन्टन र सुटिङ खेलमा नेपाली खेलाडीले सहभागिता जनाउनेछन्। कञ्चनपुर भारोत्तोलनका प्रशिक्षण जीवन गौतमले एशियन गेम्समा छनोटका लागि यही असार १० मा काठमाडौंमा छनोट हुने बताए।

## महेन्द्रनारायण निधि आमन्त्रित कराँते प्रतियोगिता शुरू

महेन्द्रनगर, (धनुषा), २ असार/रासस

जनकपुरधाममा महेन्द्रनारायण निधि आमन्त्रित कराँते प्रतियोगिता शुरू भएको छ। शनिवार जनकपुरधामको कभर्ड हलमा शुरू भएको प्रतियोगितामा मधेस प्रदेशका विभिन्न तौल समूहका कराँते खेलाडीहरू सहभागी भएका छन्।

प्रतियोगिताको उद्घाटन गर्दै नेपाली काङ्ग्रेसका सांसद तथा पूर्वउपसभापति विमलेन्द्र निधिले कराँते कुनै पनि अस्त्रशस्त्र र हतियारको प्रयोगविना आफ्नो कलाकौशल र शक्तिले खेलिने खेल रहेकाले अहिंसावादी खेल रहेको बताए। उनले अहिंसावादी खेल कराँते अहिंसा र गाँधीवादी नेता स्व महेन्द्रनारायण निधिकै नामबाट आयोजना गरिएकोमा आयोजकलाई धन्यावाद दिए।

काङ्ग्रेस नेता निधिले जनकपुरधाममा खेलकूदको विकासका लागि प्रस्तावित श्रीराम जानकी बहुउद्देश्यीय अन्तर्राष्ट्रिय रङ्गशालाको निर्माण कुनै पनि हालतमा हुनुपर्ने बताए। निधिले चाहे भारतले बनाओस् कि नेपाल सरकारले तर रङ्गशाला बन्नुपर्ने आफ्नो धारणा राखे।

जनकपुरधामका प्रमुख मनोजकुमार साह, उपप्रमुख किशोरी साह, काङ्ग्रेस धनुषाका सभापति योगेन्द्र पञ्जियारलगायतले खेलकूदको महत्त्वबारे चर्चा गर्दै जनकपुरधाममा खेलकूद विकास र पूर्वाधारमा ध्यान केन्द्रित हुनुपर्ने बताए।


सो अवसरमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८० मा पदक विजेता मधेस प्रदेशकी खेलाडीद्वय पोर्सिया चौधरी र सुजता परियारलाई सम्मान गरिएको थियो। नेपाल लोकतान्त्रिक खेलकूद सङ्घ धनुषा र अध्यक्ष अखिल मढीको आयोजनामा भएको प्रतियोगितामा विभिन्न तौल समूहमा भएको कराँतेमा मधेसका धनुषा, महोत्तरी, सिराहा तथा सप्तरी जिल्लाका खेलाडीको सहभागिता थियो।

प्रतियोगितामा महोत्तरी प्रथम, सप्तरी द्वितीय र महोत्तरीको खैरमारा तृतीय भएको थियो। विजेता हरेक खेलाडीलाई स्वर्ण पदक र एक हजार नगद प्रदान गरिएको आयोजकले जनाएको छ। समुद्घाटन समारोहमा नेपाली काङ्ग्रेसका नेताहरू, कराँतेका प्रशिक्षक र पूर्वखेलाडीसहितको सहभागिता थियो।

# सिमरामा वृहत् निश्शुल्क स्वास्थ्य शिविर

प्रस, परवानीपुर, २ असार/

अल्पाइन हस्पिटल सिमराको आयोजनामा शनिवार निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ। अस्पताल परिसरमा आयोजित शिविरमा सयौं बिरामीको सहभागिता थियो। शिविरमा चिकित्सकको ओपिडी शुल्क एवं मधुमेह रोग निश्शुल्करूपमा जाँच भएको थियो। कोभिड महामारीपछि पर्सा/बाराका ग्रामीण भेगका जनतासँग चिकित्सकलाई तिर्ने रकमसमेत नभएको अभावमा केही बिरामीले उपचार नपाएको गुनासो आएपछि अस्पतालले शिविर आयोजना गरेको जनाएको छ। हार्ट फाउन्डेशन बारा र लायन्स क्लब अफ वीरगंजको सहयोगमा आयोजना भएको शिविरमा वीरगंज, सिमरा, हेटौंडा, काठमाडौंका गरी करीब १७ जना विशेषज्ञ चिकित्सकले बिरामीहरूको स्वास्थ्य परीक्षण गरेको अस्पतालका चिकित्सक प्रकाश साहले बताए। शिविरमा फिजिसियन, सर्जन, हाडजोर्नी, स्त्रीरोग, मुटुरोग, बाथरोग, मानसिक रोगलगायत रोगका विशेषज्ञहरूको सहभागिता रहेको अस्पतालका सञ्चालक शिव शर्माले बताए। अस्पतालले एक महीनासम्म निश्शुल्क ओपिडी सेवा दिने जनाएको छ।




# मनसुन : यी प्रदेशमा भइरहेको छ वर्षा

काठमाडौं, २ असार/रासस

हाल देशको पूर्वी तथा मध्य भूभागमा मनसुनी प्रणालीको प्रभाव रहेको छ भने बाँकी भूभागमा स्थानीय वायु र पश्चिमी वायुको आंशिक प्रभाव रहेको छ। यसका कारण हाल गण्डकी प्रदेशका थोरै स्थान र कर्णाली प्रदेशका एक/दुई स्थानमा मेघगर्जन/चटचाङसहित हल्कादेखि मध्यम वर्षा भइरहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

महाशाखका मौमसविद् रोजल लामिछानेका अनुसार आज गण्डकी प्रदेशका थोरै स्थान, बाग्मती प्रदेशका एक/दुई स्थानमा हल्कादेखि मध्यम वर्षा भएको छ। काठमाडौं उपत्यकासहित बाग्मती प्रदेशमा रातिको समयमा वर्षाको सम्भावना रहेको छ। यस्तै कोशी प्रदेश, मधेस प्रदेश र देशका पहाडी भूभागमा बदली रहनुका साथै हल्का वर्षाको सम्भावना रहेको महाशाखाले उल्लेख गरेको छ।



मौसमविद् लामिछानेले मनसुन प्रणाली क्रमिकरूपमा देशभर फैलिने क्रममा रहेको र यो देशभर विस्तार हुन अझै एक साता लाग्ने बताए। गत जेठ ३१ गते बुधवार नेपालको पूर्वी भेग भएर मनसुन प्रणाली भित्रिएको थियो। मनसुन सुस्त गतिमा रहेकाले देशको पश्चिम क्षेत्रमा फैलिन केही दिन लाग्ने जनाइएको छ।

# कानू र कलवारको सम्झनामा श्रद्धाञ्जलिसभा

प्रस, वीरगंज, २ असार/

कानू समाज नेपाल पर्साको



आयोजनामा स्व रञ्जनबाबू कानू र विवेक कलवारको सम्झनामा शनिवार वीरगंज महानगरपालिका–१० घडीअर्वास्थित शिवपार्वती अतिथि सदनको सभाहलमा श्रद्धाञ्जलिसभा सम्पन्न भएको छ।

कार्यक्रमका प्रमुख अतिथि कानू समाज नेपालका केन्द्रीय अध्यक्ष किशोरीप्रसाद साह कानू, वडाध्यक्ष सुशील साह कानू, पूर्ववडाध्यक्ष रामनगिना साह कानू, शिवपार्वती अतिथि सदनका अध्यक्ष परमानन्दसाह कानू, विवेक कलवार, पिता ओमप्रकाश गुप्ता, श्यामबाबू साहलगायतले श्रद्धाञ्जलि अर्पण गरेका थिए। कानू समाज नेपाल पर्साका अध्यक्ष लक्ष्मणप्रसाद साह कानूको अध्यक्षतामा श्रद्धाञ्जलिसभा सम्पन्न भएको थियो।

हालै भारतको केदारनाथ तीर्थ गएका नौजना किशोरमध्ये दुईजनाको सवारी दुर्घटनामा ऋषिकेशनजीक मृत्यु भएको थियो। सो दुर्घटनामा भारतीय चालकको पनि घटनास्थलमैं मृत्यु भएको

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | गहवामाई रथयात्रा समिति | पत्रकार सम्मेलन | मन्दिर परिसर | ७:०० |

## विषादीको प्रयोगमा सचेत बनौं

**विषादीको प्रयोगबाट व्यक्तिमा देखिने लक्षणहरू,**

- थकान महसूस हुनु, टाउको दुख्नु, रिङ्गटा लाग्नु, छाती दुख्नु।
- छाला लाटो हुनु, चिलाउनु र फोका आउनु।
- आँखा रातो हुनु, पोल्नु, आँसु बगिरहनु, धमिलो देखिनु र आँखीभौं फरफराउनु।
- नाक पोल्नु, पातलो सिङ्गान बगिरहनु, खोकी लाग्नु, वाकवाकी लाग्नु, बान्ता हुनु र निद्रा नपर्नु।
- हिंड्दा लड्खडाउनु, कम्पन हुनु, होश हराउनु, स्वाँ–स्वाँ बढ्नु र मुर्छा पर्नु।
- त्यसबाट प्यारालाइसिस, हृदयघात तथा मृत्युसमेत हुन सक्ने भएकोले विषादीको प्रयोगमा सावधानी अपनाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड